# नेपाल राष्ट्र बैंक

## अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

***(आर्थिक वर्ष २०७३/७४ को दुई महिनासम्मको तथ्याङ्कमा आधारित)***

## आर्थिक परिदृश्य

1. समीक्षा अवधिसम्ममा देशको धेरैजसो भू-भागमा पर्याप्त वर्षा हुनुको साथै कृषिजन्य सामग्रीहरुको वितरण समेत सहज रहेकोले वर्षे बालीहरुको उत्पादन गत वर्षको तुलनामा उल्लेख्य वृद्धि हुने सम्भावना देखिएको छ ।

2. समीक्षा अवधिमा उर्जा एवम् अन्य कच्चा पदार्थहरुको आपूर्ति गत वर्षको सोही अवधिको तुलनामा सुधार आएकोले उद्योगहरुको क्षमता उपयोग विस्तार भएको छ ।


3. त्यसैगरी, पर्यटकीय होटलहरुको बेड अकुपेन्सी दरमा सुधार आएकोले पर्यटन व्यवसायमा सकारात्मक प्रभाव देखिएको छ ।

4. आर्थिक वर्ष २०७३/७४ को दुई महिनासम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा सरकारको विकास खर्चमा केही विस्तार आएको, औद्योगिक उत्पादनले गति लिन थालेको र कृषि क्षेत्र तर्फ वर्षे बालीहरुको उत्पादन उत्साहजनक हुने देखिएकोले समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव देखिएको छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

5. २०७३ साउन महिनामा ८.६ प्रतिशत पुगेको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २०७३ भदौ महिनामा ७.९ प्रतिशतमा ओर्लेको छ । २०७२ भदौ महिनामा यस्तो मुद्रास्फीति ७.२ प्रतिशत रहेको थियो ।




6. समीक्षा अवधिमा चिनी तथा चिनीजन्य पदार्थ, फलफूल, दलहन तथा गेडागुडी, मदिराजन्य पेय पदार्थ, मसला, लत्ताकपडा

तथा जुत्ता र विविध वस्तु तथा सेवाहरुको मूल्य वृद्धिदर उच्च रहेकोले समग्र उपभोक्ता मुद्रास्फीति दर अपेक्षित रुपमा घट्न नसकेको हो ।

## खाद्य तथा पेय पदार्थ समूह

7. समीक्षा अवधिमा खाद्य मुद्रास्फीति ७.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खाद्य मुद्रास्फीति ८.० प्रतिशत रहेको थियो । दाल तथा गेडागुडी, मासु तथा माछा, घिउ तथा तेल, मदिराजन्य पदार्थ, होटल तथा रेष्टुरेन्ट अन्तर्गतका बस्तुहरुको मूल्य वृद्धिदर गत बर्षको तुलनामा न्यून रहेकोले खाद्य मुद्रास्फीति केही कम रहन गएको हो । समीक्षा अवधिमा चिनी तथा चिनीजन्य पदार्थको मूल्य २०.६ प्रतिशत, फलफूलको मूल्य १६.६ प्रतिशत, दलहन तथा गेडागुडीको मूल्य १४.४ प्रतिशत, मदिराजन्य पेय पदार्थको मूल्य १३.४ प्रतिशत र मसलाको मूल्य १२.६ प्रतिशतले वृद्धि भएको छ ।

## गैर-खाद्य तथा सेवा समूह

8. समीक्षा अवधिमा गैर-खाद्य मुद्रास्फीति ८.१ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैर-खाद्य मुद्रास्फीति ६.६ प्रतिशत रहेको थियो । यस समूह अन्तर्गतका विविध वस्तु तथा सेवाहरुको मूल्य १३.६ प्रतिशत र लत्ताकपडा तथा जुत्ताको मूल्य ११.२ प्रतिशतले वृद्धि भएको कारण गत वर्षको तुलनामा समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क बढेको हो ।

## क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

9. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीति पहाडमा १०.३ प्रतिशत, हिमालमा ७.५ प्रतिशत, तराईमा ७.४ प्रतिशत र काठमाडौं उपत्यकामा ६.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर पहाडमा ७.२ प्रतिशत, हिमालमा ६.१ प्रतिशत, तराईमा ६.६ प्रतिशत र काठमाडौं उपत्यकामा ८.२ प्रतिशत रहेको थियो ।

## नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर

10. २०७३ को भदौ महिनामा भारतको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.३ प्रतिशत रहेको छ भने नेपालको मुद्रास्फीति ७.९ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यी दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर ३.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः ७.२ प्रतिशत र ४.४ प्रतिशत रहेकोले दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर २.८ प्रतिशत रहेको थियो ।

**बक्स १: नेपाल र भारतमा उपभोग्य वस्तुको मूल्य वृद्धि अन्तर**

| उपभोग्य वस्तुहरु | मुद्रास्फीति (प्रतिशत) | | अन्तर |
|---|---|---|---|
| | नेपाल | भारत | |
| **समग्र उपभोक्ता मुद्रास्फीति** | **७.९** | **४.३** | **३.६** |
| १. चिनी तथा चिनीजन्य पदार्थ | २०.६ | २५.८ | (५.२) |
| २. फलफूल | १६.६ | ६.१ | १०.५ |
| ३. दलहन तथा गेडागुडी | १४.४ | १४.३ | ०.१ |
| ४. मसला | १२.६ | ८.१ | ४.५ |
| ५. लत्ताकपडा तथा जुत्ता | ११.२ | ५.२ | ६.० |

*स्रोतः तथ्याङ्क तथा कार्यक्रम कार्यान्वयन मन्त्रालय, भारत सरकार, सेप्टेम्बर २०१६*

11. समीक्षा अवधिमा नेपालमा फलफूल, दलहन तथा गेडागुडी, मसला, लत्ताकपडा तथा जुत्ता लगायतका वस्तुहरुको मूल्य वृद्धि क्रमशः १६.६ प्रतिशत, १४.४ प्रतिशत, १२.६ प्रतिशत र ११.२ प्रतिशत रहेको छ भने भारतमा उक्त वस्तुहरुको मूल्य वृद्धि क्रमशः ६.१ प्रतिशत, १४.३ प्रतिशत, ८.१ प्रतिशत र ५.२

प्रतिशत रहेको छ । भारतमा चिनी तथा चिनीजन्य पदार्थको मूल्य वृद्धि २५.८ प्रतिशत रहेको तुलनामा नेपालमा सोको मूल्य वृद्धि २०.६ प्रतिशत रहेको छ । उक्त वस्तुहरुको नेपाल र भारतको तुलनात्मक वार्षिक विन्दुगत मुद्रास्फीति बक्स नं १ मा प्रस्तुत गरिएको छ ।

### थोक मुद्रास्फीति

12. समीक्षा अवधिमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर ५.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्यअन्तर्गत कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ७.९ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ६.२ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क १.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ९.३ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ५.३ प्रतिशतले वृद्धि भएको थियो भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क ४.१ प्रतिशतले घटेको थियो ।


### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

13. समीक्षा अवधिमा वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १५.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ६.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा १८.५ प्रतिशत र ज्यालादर सूचकाङ्कमा १४.३ प्रतिशतले वृद्धि भएको छ । तलब अन्तर्गत निजामती सेवा, सैनिक तथा प्रहरी बल र सार्वजनिक संस्थान उप-समूहहरूको तलब सूचकाङ्क क्रमशः २४.२ प्रतिशत, २३.६ प्रतिशत र २०.८ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत निर्माण मजदुर, औद्योगिक मजदुर र कृषि मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २१.४ प्रतिशत, १४.४ प्रतिशत र १३.२ प्रतिशतले वृद्धि भएको छ । नेपाल सरकारले निजामती कर्मचारीको तलब वृद्धि गरेकोले समग्र राष्ट्रिय तलब तथा ज्यालदर सूचकाङ्क बढेको हो ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

14. आर्थिक बर्ष २०७३/७४ को दुई महिनासम्ममा कुल वस्तु निर्यात ७.७ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब १८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा १५.२ प्रतिशतले कमी आएको थियो । समीक्षा अवधिमा भारततर्फ ९ प्रतिशत, चीनतर्फ २४.५ प्रतिशत र अन्य मुलुकतर्फ ५.५ प्रतिशतले निर्यात बढेको छ । वस्तुगत आधारमा जुस, जुटका सामान, रोजिन, पिना, चाउचाउ, दाल लगायतका वस्तुको निर्यात बढेको छ भने जिङ्क सिट, तयारी पोशाक, पोलिष्टर धागो, अलैची, जि.आई. पाईप, उनी गलैंचा लगायतका वस्तुहरुको निर्यात समीक्षा अवधिमा घटेको छ ।




15. समीक्षा अवधिमा कुल वस्तु आयात ४३.४ प्रतिशतले बढेर रु. १४९ अर्ब २ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १७.५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा भारतबाट भएको आयात ४९.८ प्रतिशत, चीनबाट भएको आयात २६.२ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ३६.५ प्रतिशतले बढेको छ । वस्तुगत आधारमा यातायातका साधन तथा पार्टपुर्जा, एम.एस विलेट, पेट्रोलियम

पदार्थ, खानेतेल, दूरसञ्चारका उपकरण, विद्युतीय सामान, लगायतका वस्तुको आयात बढेको छ भने रासायनिक मल, चाँदी, कोल्डरोल सिट ईन क्वाइल, हटरोल सिट ईन क्वाइल, तयारी पोसाक लगायतका वस्तुहरुको आयात समीक्षा अवधिमा घटेको छ ।

16. भन्सार नाकाका आधारमा त्रिभुवन विमानस्थल भन्सार कार्यालय, कैलाली भन्सार कार्यालय र जलेश्वर भन्सार कार्यालय नाकाहरुबाट भएको निर्यातमा कमी आए तापनि अन्य भन्सार नाकाहरूबाट भएको निर्यातमा वृद्धि भएको छ । त्यसैगरी, आयाततर्फ समीक्षा अवधिमा भैरहवा भन्सार नाका र बिराटनगर भन्सार नाकाबाट भएको आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ ।

17. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ४८.१ प्रतिशतले बढी रु. १३५ अर्ब ८४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १७.८ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ८.८ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११.८ प्रतिशत रहेको थियो ।

**बक्स २: बाह्य क्षेत्रको अवस्था (अमेरिकी डलर)***

(अमेरिकी डलर करोड)

| विवरण | २०७१/७२ | | २०७२/७३ | | २०७३/७४ | दुई महिनासम्मको प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | दुई महिना | बार्षिक | दुई महिना | बार्षिक | दुई महिना | २०७२/७३ | २०७३/७४ |
| वस्तु निर्यात (एफ ओ वि) | १६.५५ | ९८.८१ | १३.५२ | ७०.३९ | १३.४२ | -१८.३ | -०.८ |
| वस्तु आयात (एफ ओ वि) | १२७.६१ | ७६५.७६ | ९८.२५ | ७०९.२५ | १३६.३४ | -२३.० | ३८.८ |
| व्यापार सन्तुलन | -१११.०७ | -६६६.९५ | -८४.७३ | -६३८.८६ | -१२२.९३ | -२३.७ | ४५.१ |
| कुल व्यापार | १४४.१६ | ८६४.५६ | १११.७७ | ७७९.६३ | १४९.७६ | -२२.५ | ३४.० |
| चालु खाता | -९.६२ | १०६.७३ | ३६.६० | १३३.८८ | -१०.३८ | - | - |
| भ्रमण आय | ५.७७ | ५३.६७ | ५.४० | ३९.२७ | ७.०० | -६.३ | २९.७ |
| विप्रेषण आप्रवाह | ८७.१० | ६१९.२० | १०३.३८ | ६२५.३४ | १०७.१३ | १८.७ | ३.६ |
| शोधनान्तर (-बचत) | ०.७७ | -१४३.७० | -३०.२५ | -१७७.९८ | ३.२६ | - | - |

* शोधनान्तर तालिका अनुसार ।

1. अमेरिकी डलरका आधारमा आर्थिक वर्ष २०७३/७४ को दुई महिनासम्ममा कुल वस्तु निर्यात ०.८ प्रतिशतले घटेको र कुल वस्तु आयात ३८.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वस्तु निर्यात १८.३ प्रतिशत र वस्तु आयात २३ प्रतिशतले घटेका थिए ।

2. अघिल्लो आर्थिक वर्षको पहिलो दुई महिनासम्ममा अमेरिकी डलर ३६ करोड ६० लाख बचतमा रहेको चालू खाता समीक्षा अवधिमा अमेरिकी डलर १० करोड ३८ लाखले घाटामा रहेको छ । त्यसैगरी, शोधनान्तर स्थिति अघिल्लो वर्षको पहिलो दुई महिनामा अमेरिकी डलर ३० करोड २५ लाखले बचतमा रहेकोमा समीक्षा अवधिमा अमेरिकी डलर ३ करोड २६ लाखले घाटामा रहेको छ ।

3. समीक्षा अवधिमा भ्रमण आय २९.७ प्रतिशत र विप्रेषण आप्रवाह ३.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण आय ६.३ प्रतिशतले घटेको र विप्रेषण आप्रवाह १८.७ प्रतिशतले बढेको थियो ।

## निर्यात आयात मूल्य सूचकाङ्क

18. आर्थिक वर्ष २०७३/७४ को पहिलो दुई महिनासम्ममा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा १८.८ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ३ प्रतिशतले कमी आएकोले व्यापारको सर्त (Terms of Trade) मा २२.५ प्रतिशतले सुधार भएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो अनुपात १५.७ प्रतिशतले बढेको थियो । जुटका सामान, गलैंचा, अदुवा र अर्थोडक्स चियाको निर्यात मूल्यमा वृद्धि भएको कारण निर्यात मूल्य सूचकाङ्कमा वृद्धि भएको हो भने पेट्रोलियम पदार्थ, लुब्रिकेन्ट्स, औषधि, पशुआहार र सुपारीको आयात मूल्यमा कमी आएको कारण आयात मूल्य सूचकाङ्कमा कमी आएको हो ।

## सेवा

19. समीक्षा अवधिमा कुल सेवा आय २.८ प्रतिशतले घटेको र कुल सेवा खर्च ४ प्रतिशतले बढेको कारण खुद सेवा आय घाटा रु. ५ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा रु. ३ अर्ब ७३ करोड रहेको थियो । सेवा खाताअन्तर्गत पर्यटन आय समीक्षा अवधिमा ३३.१ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ५० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय ०.८ प्रतिशतले बढेको थियो ।

## विप्रेषण आप्रवाह

20. समीक्षा अवधिमा विप्रेषण आप्रवाह ६.६ प्रतिशतले वृद्धि भई रु. ११४ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २७.५ प्रतिशतले वृद्धि भएको थियो । खुद ट्रान्सफर आय ३.७ प्रतिशतले वृद्धि भई रु. १३० अर्ब १५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ३२.२ प्रतिशतले बढेको थियो ।

## चालू खाता एवम् शोधनान्तर


21. अघिल्लो वर्षको दुई महिनासम्ममा रु. ३८ अर्ब ४८ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा व्यापार घाटा बढेको, विदेशी लगानीको लाभांश भुक्तानी उल्लेख्य रुपमा बढेको तथा वैदेशिक अनुदान घटेको कारण रु. ११ अर्ब १२ करोडले घाटामा रहेको छ । त्यसैगरी, अघिल्लो वर्षको दुई महिनासम्ममा रु. ३१ अर्ब ८८ करोडले बचतमा रहेको समग्र शोधनान्तर समीक्षा अवधिमा रु. ३ अर्ब ५० करोडले घाटामा रहेको छ ।

22. समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर रु. १ अर्ब ५४ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. २ अर्ब १९ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु. २ अर्ब ५१ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु. ८३ करोड रहेको थियो ।

## विदेशी विनिमय सञ्चिति

23. कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १०३९ अर्ब २१ करोडबाट ०.६ प्रतिशतले कमी आई २०७३ भदौ मसान्तमा रु. १०३२ अर्ब ७० करोड रहेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७३ असार मसान्तको रु. ८८७ अर्ब १ करोडको तुलनामा २०७३ भदौ मसान्तमा ०.८ प्रतिशतले कमी आई रु. ८८० अर्ब १६ करोड रहेको छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १५२ अर्ब २० करोडको तुलनामा ०.२ प्रतिशतले वृद्धि भई रु. १५२ अर्ब ५५ करोड पुगेको छ । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २२.४ प्रतिशत रहेको छ ।

चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (दुई महिना)



### सञ्चिति पर्याप्तता सूचकहरू

24. आर्थिक वर्ष २०७३/७४ को दुई महिनासम्मको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४.१ महिनाको वस्तु आयात र १२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४५.९ प्रतिशत, १००.१ प्रतिशत र ४५.३ प्रतिशत रहेका छन् । २०७३ असार मसान्तमा यस्ता अनुपातहरू क्रमशः ४६.२ प्रतिशत, ११७.४ प्रतिशत र ४६.३ प्रतिशत रहेका थिए ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम एवम् सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति


25. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७२ भदौ मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ४८.२७ रहेकोमा २०७३ भदौ मसान्तमा ६.२ प्रतिशतले कमी आई प्रति ब्यारल अमेरिकी डलर ४५.२६ कायम भएको छ । त्यसैगरी, सुनको मूल्य २०७२ भदौ मसान्तमा प्रति आउन्स अमेरिकी डलर १११७.५० रहेकोमा २०७३ भदौ मसान्तमा १७.१ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १३०८.३५ पुगेको छ ।

26. २०७३ असार मसान्तको तुलनामा २०७३ भदौ मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ०.१ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.५ प्रतिशतले अवमूल्यन भएको थियो । २०७३ भदौ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १०६.८५ पुगेको छ । २०७३ असार मसान्तमा उक्त विनिमय दर रु. १०६.७३ रहेको थियो ।

## सरकारी वित्त स्थिति*

### बजेट घाटा/बचत

27. आर्थिक वर्ष २०७३/७४ को दुई महिनासम्ममा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ६६ अर्ब ४५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ४८ अर्ब ४३ करोड रहेको थियो ।



चार्ट ४: सरकारी खर्च वृद्धिदर (दुई महिना)

### सरकारी खर्च

28. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च रु. ३१ अर्ब ५५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च रु. ११ अर्ब रहेको थियो ।

**वक्स ३: बजेटको प्रगति**

| शीर्षक | बजेट अनुमान | दुई महिनाको प्रगति | |
|---|---|---|---|
| | रु. करोडमा | रु. करोडमा | बजेट अनुमानको प्रतिशतमा |
| **कुल खर्च** | **१०४,८९२.१** | **३१५४.७६** | **३.०१** |
| चालू खर्च | ६१,७१६.४ | २९५७.८९ | ४.७९ |
| पुँजीगत खर्च | ३१,१९४.६ | १२९.०८ | ०.४१ |
| वित्तीय व्यवस्था खर्च | ११,९८१.१ | ६७.७९ | ०.५७ |
| **राजस्व** | **५६,५८९.७** | **८०४७.४६** | **१४.२२** |


29. समीक्षा अवधिमा चालू खर्च बढेर रु. २९ अर्ब ५८ करोड पुगेको छ ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरू, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६९ वटा शाखाहरू, नेपाल बैंक लिमिटेडका ४९ वटा शाखाहरू, कृषि विकास बैंक लिमिटेडका २४ वटा शाखाहरू, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरू, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरू र नेपाल बंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौ लुम्बिनीको १/१ शाखा र जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरू र भुक्तानी केन्द्रहरूबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च रु. १० अर्ब ५७ करोड रहेको थियो । समीक्षा अवधिमा पुँजीगत खर्च रु. १ अर्ब २९ करोड भएको छ । अघिल्लो वर्ष यस्तो खर्च रु. ४४ करोड भएको थियो । आर्थिक वर्ष शुरु हुनुभन्दा एक महिना पन्ध्र दिन अगावै बजेट प्रस्तुत भई समयमै विनियोजन विधेयक पास भएकोले चालू तथा पूँजीगत खर्च बढ्न गएको हो ।

### सरकारी राजस्व

30. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व सङ्कलन ५१.६ प्रतिशतले वृद्धि भई रु. ८० अर्ब ४७ करोडमा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व ३.६ प्रतिशतले घटेको थियो । मूल्य अभिवृद्धिकर, भन्सार तथा अन्तशुल्क लगायतका प्रमुख राजस्वका शीर्षकहरु उच्च दरमा बढेकाले सरकारको कुल राजस्व संकलनको वृद्धिदर उच्च रहन गएको हो ।



चार्ट ५: राजस्व वृद्धिदर (दुई महिना)


### सरकारको नगद मौज्दात

31. स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७३ भदौ मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. २०० अर्ब ९० करोड नगद मौज्दात कायम रहेको छ ।

## मौद्रिक तथा वित्तीय स्थिति

### मुद्राप्रदाय

32. समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय १.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ भदौ मसान्तमा विस्तृत मुद्राप्रदाय २०.२ प्रतिशतले बढेको छ ।



चार्ट ६: मौद्रिक स्थिति (दुई महिना)

33. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ३ अर्ब ५० करोडले घटेको छ । समीक्षा अवधिमा आयात विस्तार भएका कारण खुद वैदेशिक सम्पत्ति घटेको हो । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ३१ अर्ब ८८ करोडले बढेको थियो ।

34. समीक्षा अवधिमा सञ्चित मुद्रा ६.३ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १३.२ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ भदौ मसान्तमा उक्त मुद्रा १३ प्रतिशतले बढेको छ ।


### कुल आन्तरिक कर्जा

35. समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ०.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.४ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ भदौ मसान्तमा यस्तो कर्जा २०.४ प्रतिशतले बढेको छ ।

36. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ४.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी १.७ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७३ भदौ मसान्तमा २६.३ प्रतिशतले बढेको छ ।

### निक्षेप सङ्कलन

37. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ०.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः १.४ प्रतिशत र ०.६ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको निक्षेप ०.४ प्रतिशतले घटेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १९.८ प्रतिशतले बढेको छ ।




### कर्जा प्रवाह

38. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको ३.८ प्रतिशत, विकास बैंकहरुको २.२ प्रतिशत र वित्त कम्पनीहरुको १.७ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ भदौमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २७ प्रतिशतले बढेको छ ।

39. समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा ४.२ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा २.४ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा ४.३ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा ३.९ प्रतिशत, सेवा उद्योगतर्फको कर्जा ३.६ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा ४ प्रतिशतले बढेको छ ।

40. २०७३ भदौसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६०.६ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १५.२ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ५९.४ प्रतिशत र १२.९ प्रतिशत रहेको थियो ।

41. २०७३ भदौसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कुल लगानीमा रहेको कर्जामध्ये घरजग्गा (Real Estate) क्षेत्रमा रु. २६० अर्ब १ करोड (प्रति ग्राहक रु. १ करोडभन्दा कमको रु. १४९ अर्ब ५० करोडको आवासीय घरकर्जा समेत) रहेको छ । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कुल

कर्जाको १५ प्रतिशत हुन आउँछ । २०७३ भदौसम्ममा बैंक तथा वित्तीय संस्थाहरूले सेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको २.१ प्रतिशत (रु. ३७ अर्ब ३३ करोड) रहेको छ भने वाणिज्य बैंकहरूबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.५ प्रतिशत (रु. ३६ अर्ब ६८ करोड) छ ।

42. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट प्रवाहित ट्रष्ट रिसिट (आयात) कर्जा ९.२ प्रतिशत (रु. ६ अर्ब ७२ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.६ प्रतिशतले बढेको थियो ।

## तरलता व्यवस्थापन

43. आर्थिक वर्ष २०७३/७४ को दुई महिनासम्ममा यस बैंकले रु. ८५ अर्ब ५ करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् कुल रु. ३१ अर्ब ५० करोड (चालू आर्थिक वर्ष देखि शुरु गरिएको ब्याजदर कोरिडर अन्तर्गतको दुई हप्ते निक्षेप बोलकबोल मार्फत् रु. २६ अर्ब ४५ करोड समेत) र रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. ५३ अर्ब ५५ करोड तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोलकबोलमार्फत् रु. ५७ अर्ब २५ करोड, रिभर्स रिपोमार्फत् रु. २१ अर्ब ३० करोड र सोझै बिक्री बोल-कबोलमार्फत् रु. ९ अर्ब १० करोड तरलता प्रशोचन भएको थियो ।

44. आर्थिक वर्ष २०७३/७४ को दुई महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ५३ करोड ७५ लाख खुद खरिद गरी रु. ५७ अर्ब ५० करोड तथा रिपो बोलकबोल मार्फत रु. १ करोड गरी रु. ५७ अर्ब ५१ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ७० करोड ९४ लाख खुद खरिद गरी रु. ७३ अर्ब ९३ करोड खुद तरलता प्रवाह भएको थियो ।

45. समीक्षा अवधिमा अमेरिकी डलर ६४ करोड र यूरो ७ करोड ५० लाख बिक्री गरी रु. ७७ अर्ब ४७ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ५४ करोड बिक्री गरी रु. ३५ अर्ब ८ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

46. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा बढेको छ । समीक्षा अवधिमा साधारण पुनरकर्जा रु. १ अर्ब ६१ करोड ५२ लाख र निर्यात कर्जा रु. ३७ करोड ४४ लाख गरी कुल रु. १ अर्ब ९८ करोड ९६ लाख पुनरकर्जा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ रु. ६१ करोड ८० लाख र निर्याततर्फ रु. ५ करोड ३० लाख गरी कुल रु. ६७ करोड १० लाख पुनरकर्जा उपयोग भएको थियो । त्यसैगरी, भूकम्प पीडितहरूलाई राहत प्रदान गर्न यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७३ भदौ मसान्तसम्म रु. ११ करोड ७८ लाख कर्जा प्रवाह भएको छ ।

47. वाणिज्य बैंकहरूले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा २०७३ भदौ मसान्तसम्ममा वाणिज्य बैंकहरूको यस्तो कर्जा अनुपात १६.६३ प्रतिशत पुगेको छ ।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

48. आर्थिक वर्ष २०७३/७४ को दुई महिनासम्ममा वाणिज्य बैंकहरूले रु. १६७ अर्ब ७९ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. ४५ अर्ब ५९ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. १४१ अर्ब ३८ करोड र रु. १४ अर्बको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले स्थायी तरलता सुविधाको उपयोग गरेका छैनन् ।

### ब्याजदर

49. २०७२ भदौको तुलनामा २०७३ भदौमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर घटेको छ भने वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर बढेको छ । २०७२ भदौमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर २.२२ प्रतिशत रहेकोमा २०७३ भदौमा २.०५ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ भदौको १.४५ प्रतिशतको तुलनामा २०७३ भदौमा २.५६ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ भदौको २.७१ प्रतिशतको तुलनामा २०७३ भदौमा ३.५८ प्रतिशत रहेको छ ।

50. २०७३ भदौमा वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.५६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको भदौमा यस्तो ब्याजदर अन्तर ४.६० प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७२ भदौको ७.२१ प्रतिशतको तुलनामा २०७३ भदौमा ६.२३ प्रतिशत कायम हुन आएको छ ।

### मर्जर/प्राप्ति

51. वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर/प्राप्ति नीति कार्यान्वयनमा आएसँगै मर्जर तथा प्राप्ति प्रक्रियामा सामेल हुने बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढ्दै गएको छ । २०७३ भदौ मसान्तसम्ममा कुल ११८ वटा बैंक तथा वित्तीय संस्थाहरू (घ वर्गका सहित) मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये ७७ वटा संस्थाहरुको इजाजत खारेज हुनगई कुल ४१ संस्था कायम रहेका छन् ।

## पूँजी बजार

52. २०७३ साउन मसान्तमा १,७१७.५ विन्दु रहेको नेप्से सूचकाङ्क २०७३ भदौ मसान्तमा १,८१५.२ विन्दु पुगेको छ । २०७२ भदौ मसान्तमा उक्त सूचकाङ्क १,१९६.० विन्दु रहेको थियो । बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धि गरिने नीति कार्यान्वयनका लागि अघि सारिएका योजनाबाट लगानीकर्ताहरु उत्साहित भएको, सेयर कारोबार प्रणालीमा सुधार गरिएको लगायतका कारण सेयर बजार सूचकाङ्क उच्चदरमा बढेको हो ।